
के तपाईको घर पा(
नीले रसाएको छ ?
अब चिन्ता नगर्नुहोस !
चिन्ताको समाधान Waterproofing
ले गर्ने छ । १००% ग्यारेन्टीका साथ
समस्याको समाधान ।
सम्पर्कः प्रगति ट्रेड कन्सर्न
रानीपौवा, पोखरा-११ (रस्टिन पार्टी प्यालेसको नजिकै)
०६१-५७८०९९, ९८५६०२२३३३, ९८४६९१४७७३



राष्ट्रिय दैनिक

# पोखरापत्र

Pokharapatra National Daily



रु. १.५ मा
कलर भिजिटिङ कार्ड
साथै
तुरुन्त क्यालेण्डर पुस्तक,
स्मारिका आदि छपाई गर्नु परेमा
सम्पर्कः
०६१-५७०६५१, ९८५६०७५५७५



❑ वर्ष २४ ❑ अङ्क २७२ ❑ श्रेणी क्षेत्रीय 'क' ❑ २०८० असोज २६ गते शुक्रबार ❑ 13 Oct. 2023 ❑ पृष्ठ ४ ❑ मूल्य रु. ५ ।-


## कास्कीका ९१९ किशोरीलाई पाठेघरको मुखको क्यान्सर विरुद्धको खोप

पोखरापत्र संवाददाता
पोखरा, २५ असोज

पोखरामा नौ सय १९ जना किशोरीलाई पाठेघरको मुखको क्यान्सर विरुद्धको 'एचपीभी' खोप लगाइएको छ ।

पोखरा महनगरपालिकाभित्र र कास्कीकै माछापुच्छ्रे गाउँपालिकाका १४ वर्ष उमेर समूहका नौ सय १९ किशोरीलाई उक्त खोप लगाइएको हो । गण्डकी प्रदेश सरकार सामाजिक विकास तथा स्वास्थ्य मन्त्रालयका सचिव विनोदबिन्दु शर्माका अनुसार ' ह्युमन प्यापिलोमा भाइरस' ले गर्दा हुन सक्ने महिलाको पाठेघरको मुख-यौनाङ्गको क्यान्सर तथा यौनाङ्गमा आउने मुसा विरुद्ध यो खोप प्रभावकारी हुन्छ । गत भदौ २७ गतेदेखि यही असोज ५ गतेसम्म कास्कीका विभिन्न विद्यालयका १४ वर्ष उमेर समूहका किशोरीलाई उक्त खोप लगाइएको हो । नौ वर्षदेखि १४ वर्ष उमेर समूहभित्र नै यो खोप लगाउन सक्यौं भने पाठेघरको मुखको क्यान्सर ९८ प्रतिशत महिलामा नहुने दाबी पनि डा शर्माको छ ।

अहिले १४ वर्ष पूरा भई १५ वर्ष ननाघेका किशोरीलाई पाठेघरको मुखमा हुने क्यान्सरबाट बचाउन 'डेमोन्स्ट्रेशन' का रूपमा खोप दिन थालिएको हो, डा शर्माले भन्नुभयो, "२०६५ भदौ ३० देखि २०६६ भदौ २० गतेसम्म जन्मेका किशोरीलाई खोप दिएका छौं, पहिलो डोज लगाएका नौ सय १९ जना किशोरीलाई ६ महिनापछि दोस्रो डोज दिनुपर्ने हुन्छ ।" अन्य देशको तुलनामा नेपालमा महिलालाई पाठेघरको मुखको क्यान्सर वढी हुने गर्छ । नेपाल सरकारले गत असारमा किशोरीलाई पाठेघरको मुखको क्यान्सर विरुद्धको खोप लगाउन २० हजार डोज खोप चीनबाट ल्याएको थियो । यो खोप निकै महँगो पर्छ । दुई डोजकै नेपाली रु २० हजार मूल्य पर्ने जानकारी डा. शर्माले दिनुभयो ।

'गण्डकी प्रदेशको गण्डकी स्वास्थ्य विज्ञान प्रतिष्ठान पोखराबाट किशोरीलाई खोप लगाएका हौं, पहिलो चरणमा गण्डकी प्रदेशको कास्की जिल्लामा मात्र यो खोप लगाएका छौं, शर्माले भन्नुभयो, "यसअघि सरकारले सन् २०१६ मा पाठेघरको मुखको क्यान्सर विरुद्धको खोप नमूनाका रूपमा चितवन र कास्कीमा सञ्चालन गरेको थियो ।" गाभी नामक संस्थाले सन् २०२४ बाट खोपको पर्याप्त मात्रा सहयोग गर्ने प्रतिबद्धता जनाएको उहाँले बताउनुभयो । 'सीमित स्रोत र साधनका बावजुद हामीले एचपीभी खोप लगाउन सुरू गरेका छौं शर्माले भन्नुभयो, "दोस्रो डोजका खोप पनि सुरक्षित राखिएको छ ।"

'एचपीभी खोप लगाएपछि किशोरीमा खोप लगाएको ठाउँमा दुख्ने तथा सुन्निने, टाउको दुख्ने, वाकवाकी लाग्ने, थकान महसुस हुने, रिंगटा लाग्ने, ज्वरो आउने जस्ता समस्या पनि देखिने गर्छ, उहाँले भन्नुभयो, "उक्त खोप लगाएका कास्कीका किशोरी त्यस्ता कुनै समस्या लिएर आएका छैनन् ।"

विकसित मुलुकमा नौ देखि १४ वर्ष उमेर समूहका सबै किशोरीलाई उक्त खोप दिने गरेको बताउँदै डा शर्माले नेपाल सरकारले पनि विदेशी दाताको सहयोगमा सन् २०२४ देखि उक्त उमेर समुहका सबै किशोरीलाई खोप दिने तयारी गरेको बताउनुभयो । नौदेखि १४ वर्षसम्म उमेर समूहका किशोरीको संख्या गण्डकी प्रदेशमा १० लाखको संख्यामा रहेको जानकारी पनि शर्माले दिनुभयो ।

## विन्ध्यवासिनीमा नवदुर्गा महोत्सवको तयारी तिव्र

पोखरापत्र संवाददाता
पोखरा, २५ असोज



यस वर्ष पनि विन्ध्यवासिनी मन्दिर परिसरमा आयोजना हुने विन्ध्यवासिनी नवदुर्गा महोत्सव २०८० को तयारी तिव्र पारिएको छ । विन्ध्यवासिनी धार्मिक क्षेत्र विकास समितिको आयोजनामा वडा दशैं पर्वको अवसरमा घटस्थापनादेखि नवमीसम्म आयोजना हुने उक्त महोत्सवको तयारी तिव्र पारिएको बिहिबार पोखरामा आयोजित पत्रकार भेटघाट कार्यक्रममा जानकारी गराईको हो ।

महायज्ञमा प्रखर वक्ता युवा पंडित हरि शरण पौडेलबाट संगीतमय झाँकी सहित कथा प्रस्तुत हुने भएको छ । महायज्ञ प्रत्येक दिन बिहान ९ बजेबाट मध्यान्ह १२ बजेसम्म र दिउँसो २ बजेबाट अपरान्ह ४ बजेसम्म विभिन्न विद्वानहरु विन्ध्यवासिनी पीठाधीस स्वामी निशेषानन्द जी महाराज, दार्शनिक वक्ता डा. भोलानारयण रेग्मी, दार्शनिक वक्ता जगन्नाथ रेग्मी, कृष्णानुरागी आचार्य पशुपती पौडेलहरुबाट कथा प्रवचन हुने भएको छ । यस यज्ञमा कर्ताको रुपमा चन्द्रमणि पराजुली, उपवाचक चिन्तामणि पौडेल, गणेश सृजन जोशी रहनु हुने भएको छ । नवदुर्गा अवधिभर बिहानभरि संगीतमय झाँकी सहितको श्रीमद्देवी भागवत् ज्ञानमहायज्ञ हुने समितिका उपाध्यक्ष सूर्यप्रसाद सुवेदीले बताउनु भयो । त्यसै गरी दिउँसो देखि साँझसम्म नवदुर्गाको महिमा सम्बन्धी दार्शनिक व्यक्तिद्वारा प्रवचन हुने भएको छ भने घटस्थापनाको दिन असोज २८ गते नवदुर्गा शोभायात्रा निकालिने भएको छ । महोत्सवका लागि समिति अध्यक्ष गणेशबहादुर श्रेष्ठ संयोजकत्वमा मूल समारोह समिति गठन गरिएको छ । विगतदेखि शक्तिस्थलका रुपमा पुँजिदै आएको हालको विन्ध्यवासिनी मन्दिर आजभन्दा झण्डै अढाइ शताब्दी पुरानो रहेको अनुमान गरिएको छ । खासमा विन्ध्यवासिनी यस क्षेत्रको शैक्षिक, स्वास्थ्य, प्राशासनिक, सांस्कृतिक गतिविधिको केन्द्रका रुपमा चिनिने समितिका सचिव तिर्थ श्रेष्ठको बुझाई छ । कोभिड १९ को प्रभाव भन्दा अघिसम्म मन्दिरमा दर्शनार्थीहरुको निकै भिडभाड हुने र दैनिक जसो एक लाख रुपैया भेटिबाट संकलन हुने गरेको उहाँले बताउनु भयो । समितिले हरेक दिन संकलन भएको भेटि र त्यसको भोलिपल्ट डिजिटल वोर्ड मार्फत सार्वजनिक गर्दै आएको सचिव थिर्त श्रेष्ठले जनाउनु भयो ।

मन्दिरमा हाल ५० देखि ६० हजार रुपैया दैनिक भेटि संकलन हुने उहाँले बताउनु भयो । हाल १४ जना पुजारी सहित ६५ जना कर्मचारीहरु रहेको समितिले जनाएको छ । समितिको हाल कर्मचारीहरुलाई तलव व्यवस्थापन गर्नको लागि मात्र करिब १५ लाख र समितिले हालै संचालनमा ल्याएको प्राकृतिक चिकित्सालय संचालनमा हाल मासिक ८ लाख रुपैया व्यवस्थापन गर्दै आएको सचिव श्रेष्ठले जनाउनु भयो । समितिले हाल मासिक २३ लाख खर्च हुने गरेको उहाँले बताउनु भयो ।

## द्वन्द्वमा परेका पीडित महिला तथा बालबालिकाको समस्या समाधान हुन नसकेको गुनासो

पोखरापत्र संवाददाता
पोखरा, २५ असोज



द्वन्द्वमा परेका पीडित महिला तथा बालबालिकाको समस्या समाधान हुन नसकेको बिहीबार पोखरामा आयोजित एक कार्यक्रमका वक्ताहरुले बताउनु भएको छ ।

महिला शान्ति सुरक्षा सम्बन्धि संयुक्त राष्ट्र संघ प्रस्ताव नम्बर १३२५ र १८२० दोस्रो राष्ट्रिय कार्य योजनाको प्रभावकारी कार्यान्वयनमा सरकारको भूमिका र हाम्रो दाहित्व प्रदेश स्तरीय बिहीबार पोखरामा भएको अन्तरक्रिया कार्यक्रममा वोल्ने वक्ताहरुले द्वन्द्वमा परेका पीडित महिला तथा बालबालिहरुको हक अधिकार अझै प्रदान गर्न नसक्दा समस्या समाधान हुन नसकेको बताउनु भएको हो ।

द्वन्द्व पीडित महिला राष्ट्रिय सञ्जालको आयोजना तथा नागरिक समाजको सहयोगमा आयोजना भएको राष्ट्संघको प्रस्ताव १३२५ र १८२० ले द्वन्द्वमा परेका पीडित महिला तथा बालबालिकाको विषयमा शान्ति सुरक्षाको बारेमा बोलेको तर त्यसको प्रभावकारी कार्यान्वयन नभएको सहभागीहरुले गुनासो गर्नु भएको थियो ।

कार्यक्रममा बोल्दै नागरिक अगुवा विष्णु बरालले पटक पटक समिति गठन भएपनि सबै विदेशीको आखाँमा छारो हाल्ने काम मात्र भएको आरोप लगाउनु भयो । उहाँले अब द्वन्द्वको कुरा उठाउनु नै बेकारको भएको सुनाउँदै नेताहरुले समेत झुटको खेती गर्दै आएको दाबी गर्नुभयो । द्वन्द्व पीडित महिला सञ्जालकी सदस्य कल्पना पाण्डेले पीडितको नाममा खोलिएका संस्थाहरु नै अल्मलिएको बताउनुभयो । उहाँले कमिटिलाई नै मुर्त रुप दिन नसक्दा पीडितको पक्षमा बोल्ने कुरामा प्रश्न उठिरहेको जनाउनुभयो । गण्डकी प्रदेशका सभामुख कृष्णप्रसाद धितालले थोरै महिलाको पिडाले गर्दा हाल धेरै महिला सहभागिता बढाएको दाबी गर्नुभयो । समावेसी सिद्धान्तमा कमजोर समुदायले तर्क गर्न खोजिएकाले सजग बन्न आग्रह गर्दै राज्यले द्वन्द्व पीडितलाई १० लाख प्याकेज दिएको र पाँच वटा विद्यालय संचालक गरेको सुनाउँदै सरकारले केही काम गरेको दाबी गर्नु भयो । विकासका लागि द्वन्द्व परिसुचक भएको र द्वन्द्वकै कारण अहिले संविधानले ३३ प्रतिशत महिला सुनिश्चित गरेको उहाँको भनाई थियो । द्वन्द्व पीडितका लागि दुई आयोग सत्य निरूपण आयोग र वेपत्ता छानविन आयोग गठन गरे पनि त्यसले काम गर्न नपाएको सभामुख धितालले बताउनुभयो । यस्तै गण्डकी सरकारले द्वन्द्व पीडितका लागि एक करोड रुपैयाँ बजेट विनियोजन गरेपनि त्यसको कार्यान्यन नहुने संकेत देखिएको उहाँको भनाई छ । उहाँले भन्नुभयो "द्वन्द्व पीडितका लागि एक करोड विनियोजन भएको छ तर, त्यो लागु नहुन पनि सक्छ, अहिले द्वन्द्व पीडितको मर्म बुझ्ने नेतृत्व छैन् ।" ऐन बनेरमात्रै हुँदैन त्यसको कार्यविधि समेत बन्न आवश्यक भएको बताउदै सभामुख धितालले कार्यविधि नबन्दा कार्यान्वयन हुन नसक्ने जनाउनु भयो । त्यसैले अब सरकारले ऐन पारित भएसँगै निश्चित समय तोकेर कार्यविधि समेत बनाउने व्यवस्था गर्नुपर्छ उहाँको भनाई थियो । गण्डकी प्रदेश सामाजिक विकास तथा स्वास्थ्य मन्त्रालय अन्तर्गत सामाजिक महाशाखा प्रमुख जमुना पौडेलले गत वर्ष तथ्यांक संकलनमा १५ लाख रुपैयाँ विनियोजन भएपनि यो वर्ष एक करोड रुपैयाँ विनियोजन भएको उल्लेख गर्नु भयो । राष्ट्रिय मानव अधिकार आयोग गण्डकी प्रदेशका अधिकृत मोहन काफ्लेले सरोकारवाला निकायले यसको पूर्व कार्यान्वयन गराउन पहल गर्ने बताउनु भयो । गैसस महासंघकी ईन्दीरा पौडेलले अहिले सरकार द्वन्द्व प्रभावितहरूको विषयमा मौन बसेको आरोप लगाउनु भयो ।

ईन्सेक पोखराका प्रमुख शिव खकुरेलले हरेक क्षेत्रमा महिलाहरूको उल्लेख्य र अर्थपूर्ण सहभागिता गराउनु पर्नेमा जोड दिनु भयो । एड्भोकेसी फोरम गण्डकी प्रदेश संयोजक कुन्जनी परियार प्यासीले द्वन्द्वकालमा महिलाको यौन हिंसा सहितका फरक पिडा भएको दाबी गर्नु भयो । संजालका गण्डकी प्रदेश संयोजक सावित्री खड्काको अध्यक्षतामा कार्यक्रम भएको हो ।

## मन्त्री आचार्यद्वारा बाल सुधारगृह अनुगमन

पोखरापत्र संवाददाता
पोखरा, २५ असोज

महिला, बालबालिका तथा ज्येष्ठ नागरिकमन्त्री सुरेन्द्रराज आचार्यले तनहुँको आँबुखैरेनी गाउँपालिका-२ ढकालटारमा निर्माण भएको बाल सुधारगृहको बिहीबार अनुगमन गर्नुभएको छ ।

महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालयको


बाँकी अन्तिम पृष्ठमा ▶▶


## नेपालीलाई उद्धार गर्न इजरायल गएको विमान बिहीबार राति १:३० बजे आइपुग्ने

रासस
काठमाडौं, २५ असोज

इजरायलमा हमास समूहको आक्रमणपछि स्वदेश फर्कन चाहने नेपाली नागरिकलाई उद्धार गर्न गएको नेपाल एयरलाइन्सको विमान बिहीबार राति १:३० बजे काठमाडौं आइपुग्ने भएको छ । विमान दुई सय ५४ नेपाली नागरिक लिएर इजरायलबाट काठमाडौंका लागि उडिसकेको परराष्ट्र मन्त्रालयले जनाएको छ ।

नेपाली नागरिकको उद्धारका लागि विमान बिहान ३:३० बजे दुबई हुँदै त्यसतर्फ गएको थियो । उद्धारका लागि परराष्ट्रमन्त्री एनपी साउद विमानमा आफैं इजरायल जानुभएको थियो । इजरायलबाट स्वदेश फर्कन चाहने नेपाली ल्याउनका लागि नेपाल एयरलाइन्सको दुई सय ७४ सिट क्षमता भएको वाइडबडी विमान इजरायल गएको हो । शनिबार हमास समूहको आक्रमणमा परी १० नेपाली विद्यार्थीको निधन भएको थियो भने केही घाइते भएका थिए । एक जनाको नेपालीको अवस्था अझै अज्ञात छ । इजरायलस्थित नेपाली राजदूतावासले नपाली नागरिकलाई सुरक्षित स्थानमा सर्न र उद्धार हुन आग्रह गर्दै नेपाल फर्कन चाहने नेपालीहरूको विवरण अनलाइन रजिष्ट्रेशन प्रणालीमार्फत सङ्कलन गरिरहेको छ । हालसम्म तीन सय ५० भन्दा बढी नेपाली नागरिकले आफ्नो विवरण उपलब्ध गराएका छन् । विवरण दिनेमध्ये दुई सय ८८ जनाभन्दा बढीले नेपाल फर्कन चाहेको बताएको परराष्ट्र मन्त्रालयका प्रवक्ता सेवा लम्सालले जानकारी


बाँकी अन्तिम पृष्ठमा ▶▶





पुस्तक, स्मारिका, ब्रोसर, क्यालेण्डर, निमन्त्रणा कार्ड, बिल, रसिद, पोष्टर,पम्पलेट, भिजिटिङ् कार्ड आदि छपाईसम्बन्धी कामका लागि हामीलाई सम्झनुहोस् ।
हिमालय अफसेट प्रेस
नयाँबजार, पोखरा
फोन नं. : ०६१-५७०६५१

# बजाजले ल्यायो दशैं तिहारमा महामेला

**पोखरापत्र संवाददाता**
पोखरा, २५ असोज

बजाज मोटरसाइकलले नेपालीहरुको महान चाड बडादशैं र तिहारको अवसरमा नयाँ स्किम 'आम्मामा २५ गुणा अफर' महामेला ल्याएको छ । यो महामेला यहि असोज २८ देखि कार्तिक ३ गतेसम्म पोखरा सभागृहमा हुनेछ ।

गण्डकी प्रदेशको लागि बजाजको आधिकारिक बिक्रेता इच्छाशक्ति अटोमोबाइल्सले पोखरासहित अन्य सहरबाट सो स्किम अफर सुरु गरेको हो । ग्राहकहरुलाई दशैं तिहारको छुटको अवसर प्रदान गर्दै बजाजले उक्त अफर ल्याएको हो । यस्तै इच्छाशक्ति अटोमोबाइल्सले पोखरामा बजाज एक्सचेन्ज महामेलाको समेत आयोजना गर्ने भएको छ । नयाँ स्किमअनुसार बजाजका प्रत्येक मोटरसाइकल खरिदमा १० हजार रुपैयाँ छुटसँगै भाग्यशाली ग्राहकले २ लाख ५० हजार रुपैयाँसम्म छुट पाउनेछन् भने एक्चेन्ज मेलामा पुरानो मोटरसाइकल एक्सचेन्जमा थप दश हजार रुपैयाँ पाउने व्यवस्था रहेको छ । यस्तै ५० प्रतिशत डाउन पेमेन्टमा शुन्य प्रतिशत ब्याजदरमा मोटरसाइकल खरिद गर्न सकिने व्यवस्थापक भगवान विजुक्छेले जानकारी दिए ।




हुलास फिन सर्भ प्रालि अन्तर्गत आधा डाउनपेमेन्टमा किस्तामै मोटरसाइकल खरिद व्यवस्था गरिएको हो ।

चाडपर्व लक्षित स्किममा एक वर्षको कर छुट, पाँच वर्षको इन्जिन वारेन्टी, एक वर्ष ब्याट्री ग्यारेन्टीलगायतका अफरहरु रहेका छन् । एक्सचेन्ज गर्न आउने ग्राहकका लागि भ्यालुएसन बाहेक थप दश हजारसँगै हेलमेट, लेगगार्ड, ब्याग र किरिङ प्रदान गरिनेछ । त्यतिमात्र होइन बजाजले २०२२ मोडल खरिद गर्ने ग्राहकका लागि समेत विशेष छुटको व्यवस्था गरेको छ ।

यस्तै बजाजको कुनैपनि बाइकबाट देशभरीबाट टिकटक बनाइ अफलोड गर्ने उत्कृष्ट टिकटक हुनेलाई आकर्षक पुरस्कारको व्यवस्था गरेको बिजुक्छेले जानकारी दिए ।

देशैभरीबाट उत्कृष्ट टिकटक बनाउनेलाई छनोट गरी प्रथम, द्धितीय र तृतीयले आकर्षक पुरस्कार पाउनेछन् । पोखरा सभागृहमा हुने बजाजको एक्चेन्ज मेला विहान १० बजेदेखि अपराह्न साढे पाँच बजेसम्म कात्तिक ३ गतेसम्म सञ्चालन हुनेछ । इच्छाशक्तिले २०२३ मोडलको बि-एस-६ भर्जन, एफआई एबीएस, एबीएस र नर्मल बाइकहरु बिक्री गर्दै आइरहेको छ ।

# नेपालीलाई ...

दिनुभयो । इजरायलमा हाल दुई सय ६५ जना नेपाली विद्यार्थी अध्ययनरत रहेको र करिब चार हजार पाँच सय नेपाली अन्य विभिन्न पेसा र क्षेत्रमा कार्यरत रहेको मन्त्रालयको तथ्याङ्क छ । इजरायलमा हाल अध्ययन गरिरहेका दुई सय ६५ जना नेपाली विद्यार्थी इजरायल सरकारको 'लर्न एण्ड अर्न' कार्यक्रमअन्तर्गत त्यहाँ गएका हुन् । यसमध्ये नेपालको कृषि विश्वविद्यालयबाट एक सय १९, त्रिभुवन विश्वविद्यालयबाट ९७ र सुदूरपश्चिम विश्वविद्यालयबाट ४९ जना गएका थिए । यीमध्ये सुदूरपश्चिम विश्वविद्यालयबाट गएका ४९ मध्ये १७ जना नेपाली दक्षिण इजरायलको किबुज अलुमिममा अध्ययनरत थिए । इजरायलबाट तत्काल शव ल्याउन भने कठिन देखिएको छ । इजरायली सरकारले युद्धको घोषणा गरेको अवस्थामा आक्रमणमा परी निधन भएकाहरूको शव हस्तान्तरणको कानुनी प्रक्रियाका कारण शव ल्याउन ढिलाइ हुने भएको हो । हालसम्म शवको परीक्षण हुन नसकेको र हस्तान्तरणसमेत नभएकाले विमानमा शव ल्याउन नसकिएको हो । परराष्ट्र मन्त्रालयले सबै मृतकको शव इजरायली सरकारको संरक्षणमा सुरक्षित रहेको र मृतकहरूको शव यथाशक्य छिटो नेपाल ल्याउने जनाएको छ । इजरायल सरकारबाट शव हस्तान्तरणको प्रक्रिया समाप्त हुनेबित्तिकै उच्च प्राथमिकताका साथ शव नेपाल ल्याई सम्बन्धित परिवारलाई हस्तान्तरण गर्ने गरिने छ ।



कास्कीको भ्यु पोइन्टबाट देखिएको दृश्यः कास्कीको पर्यटकीय गाउँ घान्द्रुकको भ्यु पोइन्टबाट देखिएको दृश्य । तस्बिर : जमुना वर्षा शर्मा/रासस

# उपल्लो मुस्ताङका बासिन्दालाई चीन जान अनुमतिपत्र

**रासस**
म्याग्दी, २५ असोज

मुस्ताङका नेपाल-चीन सीमा क्षेत्रका दुई गाउँपालिकाका बासिन्दाका लागि प्रस्थान प्रवेश अनुमतिपत्र वितरण गर्न थालिएको छ ।

चीनको सिमानामा रहेका लोमान्थाङ र लोघेकर दामोदरकुण्ड गाउँपालिकाका बासिन्दालाई चीन प्रस्थान प्रवेश अनुमतिपत्र वितरण गर्न सुरु गरिएको जिल्ला प्रशासन कार्यालय मुस्ताङले जनाएको छ ।

प्रमुख जिल्ला अधिकारी जनकराज पन्तले स्थानीय तहको सिफारिसका आधारमा इलाका प्रशासन कार्यालय लोमान्थाङमा खटिएका प्रशासनका कर्मचारीले चीन प्रस्थान प्रवेश अनुमतिपत्रको आवेदन सङ्कलन गरेको जानकारी दिनुभयो । "मङ्गलबारदेखि आवेदन सङ्कलन भइरहेको छ", उहाँले भन्नुभयो, "इलाका र जिल्ला प्रशासन कार्यालयमा अधिकृतस्तरका अन्य कर्मचारी नभएकाले म आफै लोमान्थाङ पुगेर अनुमतिपत्रमा हस्ताक्षरण गर्ने तयारीमा छु ।"

प्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड'को भ्रमणका क्रममा चीनले कोरलालगायत नेपालका १४ व्यापारिक नाका खुलाउन तयार रहेको जनाएको थियो । कोरला नाका सञ्चालनको तयारी भएसँगै सीमा क्षेत्रका बासिन्दालाई प्रवेश अनुमतिपत्र वितरण गर्ने प्रक्रिया अघि बढाइएको हो । प्रवेशपास भएका नागरिक जुनसुकै समयमा पनि चीन जाने र आउने सुविधा पाउनेछन् । बोर्डर पास वितरणका लागि तीन कर्मचारीलाई सोमबार इलाका प्रशासन कार्यालय लोमान्थाङ पठाइएको थियो ।

"नाका खोल्ने निर्णय भए पनि मिति तय भइसकेको छैन", प्रजिअ पन्तले भन्नुभयो, "चिनियाँ सुरक्षा अधिकारीसँग बैठक र गृह मन्त्रालयसँग समन्वय गरेर जति सक्दो छिटो नाका सञ्चालन गर्ने तयारीमा छौं ।" कोरोना महामारी सुरु भएपछि कोरला नाकामा हरेक वर्षको दुई पटक सञ्चालन हुँदै आएको अन्तरदेशीय व्यापार मेला विसं २०७६ देखि भएको थिएन । दसैं अघि नै व्यापार मेला आयोजना गर्ने मुस्ताङका सुरक्षा अधिकारी र जनप्रतिनिधिले पहल गरेका छन् । यही असोज ३ गते चिनियाँ दूतावासले पठाएको कूटनीतिक नोट गृह मन्त्रालयले मुस्ताङ प्रशासनलाई पठाएर नाका खोल्ने तयारी गर्न भनेको छ । प्रमुख जिल्ला अधिकारी पन्तले केही दिनमा नेपाल र चीनका अधिकारीबीच बैठक बस्ने तयारी भएको बताउनुभयो ।

सन् १९६० को दशकमा चीनमा तिब्बत् गाभिएपछि तिब्बतका खम्पाहरू नेपाली भूमिको प्रयोग गरेर विद्रोहमा उत्रिएका थिए । सोही विद्रोहका कारण विसं २०३२ देखि कोरला नाका आवतजावतमा कडाइ गरिएको थियो । विसं २०५८ सम्म रोकटोक नरहेको सीमा २०५९ देखि चीनले तारबार गरेर मेला बाहेकको अवधिमा बन्द गर्दै आएको छ । नाका सञ्चालन भएपछि मुस्ताङका बासिन्दालाई दैनिक उपभोग्य, निर्माण सामग्री, लत्ताकपडालगायत सामग्री सस्तोमा आयात गर्न पाउने अपेक्षा गरेका छन् । यसैगरी पश्मिना, जडीबुटी निकासी गर्न सकिने लोमान्थाङ गाउँपालिकाका-५ का वडाध्यक्ष ढुढुके विष्टले बताउनुभयो ।

# नेपाली युवा उद्यमी मञ्च पोखरा र गण्डकी युनिभर्सिटि बिच सम्झौता

**पोखरापत्र संवाददाता**
पोखरा, २५ असोज

गण्डकी युनिभर्सिटी स्थित नेपाली युवा उद्यमी मञ्च पोखराले गण्डकि युनिभर्सिटि संग समझौता ज्ञापन पत्रमा हस्ताक्षर गरेको छ । यस सम्झौता पत्रले उनीहरूको सहकर्मीता, शिक्षा, र उद्यमशिलता बृद्धिमा साझा लक्ष्य राखी सहकार्य गर्ने छ ।

यस अवसरमा, गण्डकी युनिभर्सिटिका प्रतिष्ठित कुलपति तथा प्रोफेसर गणेशमान गुरुङले यस सम्झौता पत्रको माध्यमबाट उधमशिलतामा नयाँ आयम थप्न र उधमशिलता समबन्धी भावी योजनहरु तर्जुमा गरी हाम्रो छात्र-छात्राहरुको लागि उद्यमशिलतामा थप सुविधा पुर्याउनका लागि तत्पर रहेको बताए । यसै क्रममा नेपाली युवा उद्यमी मञ्च पोखराका अध्यक्ष निरन केसिज्युले मञ्च



द्वन्दकालीन अवस्थामा युवा व्यवसायीहरु पलायन भईरहँदा त्यसलाई रोक्नका लागि स्थापना भएको र युवा उद्यमी मञ्चले विशेषगरी युवाहरुलाई लक्षित गरेर उनीहरुलाई प्रोत्साहन गर्ने उद्देश्यले विभिन्न प्रकारका कार्यक्रमहरुको आयोजना गरी युवा उद्यमीहरूलाई एक्यबद्ध बनाएर देशको अर्थतन्त्र र नीतिहरूमा परिवर्तन ल्याउन सहयोग गर्दै आएको बताए । यसै अनुरुप गण्डकी युनिभर्सिटिसंगको सम्झौता पत्रले नेपाली युवाहरु बिदेशिने पलायनको बढदो क्रमलाई रोक्न र युवाहरुलाई उद्यमशिलतामा प्रेरित गर्न यस सम्झौता पत्रले सकारात्मक असर गर्ने बिश्वास व्यक्त गर्दै सम्झौता पत्रमा उल्लेख भए वमोजिम विभिन्न प्रोजेक्ट मार्फत गण्डकी युनिभर्सिटिमा आवद्द विद्यार्थीहरुलाई उद्यमशिलता समबन्धी कार्यक्रममा सहभागी गराउने मञ्चका अध्यक्ष निरन केसिले प्रतिवद्धता जनाए ।

# मन्त्री ...

आर्थिक सहयोगमा ढकालटारमा निर्माण सम्पन्न प्रदेशस्तरीय बाल सुधारगृह निकट भविष्यमै सञ्चालनमा ल्याउने तयारी गरिएको छ । सहरी विकास तथा भवन निर्माण विभाग, सङ्घीय आयोजना कार्यान्वयन एकाइ कास्कीमार्फत भवन निर्माण गरिएको हो । भवन निर्माणको जिम्मा रु दुई करोड ७० लाख २३ हजार तीन सय २५ मा काठमाडौंस्थित फुल्जोर निर्माण कम्पनीले पाएको थियो । मन्त्री आचार्यले आजै आँबुखैरेनी गाउँपालिकाका जनप्रतिनिधिसँग पनि अन्तरक्रिया गर्नुभएको छ । सो अवसरमा उक्त भवन छिट्टै सञ्चालनमा ल्याउने सहमति भएको आँबुखैरेनी गाउँपालिकाका अध्यक्ष शुक्र चुमानले जानकारी दिनुभयो । सरकारले आर्थिक वर्ष २०७८/७९ को बजेटमा ढकालटारमा बाल सुधारगृह निर्माणका लागि बजेट बिनियोजन गरेको थियो । नेपाल विद्युत् प्राधिकरणको स्वामित्वमा रहेको जग्गामा बालगृह निर्माण गरिएको हो । ढकालटारमा विद्युत् प्राधिकरणको स्वामित्वको रहेको ५४ रोपनीमध्ये २८ रोपनी जग्गा बाल सुधारगृह सञ्चालनका लागि प्रयोग गरिनेछ ।

# मुख्यमन्त्री पदका लागि दाबी पेश

**रासस**
काठमाडौं, २५ असोज

कोशी प्रदेशका मुख्यमन्त्रीका लागि दुई प्रदेशसभा सदस्यले हस्ताक्षरसहित आज दाबी पेश गरेका छन् ।

नेकपा (माओवादी केन्द्र) का संसदीय दलका नेता इन्द्रबहादुर आङ्बो र नेपाली कांग्रेसका केदार कार्कीले आ-आफ्नै दाबीसहित मुख्यमन्त्रीका लागि दाबी पेश गर्नुभएको कोशी प्रदेश प्रमुख कार्यालयका शाखा अधिकृत रामकुमार श्रेष्ठले जानकारी दिनुभयो । आङ्बो र कार्कीले नेपालको संविधानको धारा १६८ को उपधारा ५ बमोजिम दाबी पेश गरेका हुन् । प्रदेश प्रमुख परशुराम खापुङ्गले मुख्यमन्त्री पदका लागि दाबी पेश गर्न शुक्रबारसम्मको समय दिनुभएको छ ।

# गण्डकीमा अध्यक्षकप फुटबल प्रतियोगिता सुरु

**पोखरापत्र संवाददाता**
पोखरा, २५ असोज

गोरखाको गण्डकी गाउँपालिकामा बिहीबारदेखि प्रथम अध्यक्षकप फुटबल प्रतियोगिता २०८० सुरु भएको छ ।

गाउँपालिका शिक्षा युवा तथा खेलकुद शाखाको आयोजनामा सुरु भएको उक्त प्रतियोगिता दुई दिनसम्म सञ्चालन हुने भएको छ । वडा नं ५ स्थित दर्बुङमा आयोजना गरिएको प्रतियोगितामा पालिकाभित्र रहेका विभिन्न माध्यामिक विद्यालयका छात्र तथा छात्राको फुटबल टोलीको सहभागिता छ । प्रतियोगितामा उपाधि विजेता टोलीलाई रु ३०, दोस्रो हुने टोलीलाई रु १५ तेस्रो हुने टोलीलाई रु सात हजारसहित पदक र प्रमाणपत्र प्रदान गरिने बताइएको छ ।

उक्त प्रतियोगिता शुभारम्भ गर्दै गाउँपालिकाका अध्यक्ष दीपक तिमल्सिनाले पालिकाभित्र खेलकुद क्षेत्रको विकास गर्दै खेलाडी उत्पादनमा सहयोग पुऱ्याउने उदेश्यसहित प्रतियोगिता आयोजना गरिएको बताउनुभयो ।


उहाँले यस्ता प्रतियोगिताले स्वास्थ्यका साथै युवाको व्यक्तित्व विकासमा पनि सहयोग पुऱ्याउने र उनीहरुमा आत्माविश्वास पनि बढाउन मद्दत पुग्ने भएकाले गाउँपालिकाले खेलकुदलाई प्राथमिकता दिँदै आएको बताउनुभयो ।


## कपालको उपचार

**कपाल झर्न तुरुन्त रोक्ने तथा उमार्ने**

**के तपाई कपाल झरेर चिन्तित हुनुहुन्छ ?**

- कपाल कोर्दा, नुहाउदाँ समेत सय भन्दा वढी नियमित झरिहेको छ,
- चिसो समयमा कपालका समस्याहरु बढ्न सक्छन्
- कपालको वीच वीचमा टाटुपरेर झरेको छ, कपाल चिलाउने, चाँया पर्ने, चिसोको समयमा चाँया पर्ने, कपाल झर्ने तथा टाउकोमा घाउ खटिरा आउने जस्ता समस्या छन् ।
- कपाल झरेको कारणले झुसिलो, पातलो, छोटो भएको छ, कपाल समय अगाबै फुल्ने, टाउकोको अगाडिको भाग झर्ने, दाढी झर्ने, अनावश्यक रौं पलाउने भएको छ । यदि यस्ता समस्या तथा कपालका कुनैपनि समस्या भएका छन् भने एक पटक सम्पर्क राखी स्वास्थ्य लाभ लिनुहोला ।



सम्पर्कः पञ्चम आयुर्वेद क्लिनिक प्रा. लि.
पोखरा-१०, इन्द्रमार्ग, पोखरा रंगशाला नजिकै
फोन नं. ०६१-४३२२४२, ९८४६०६८८०६

## प्यारालाइसिसका बिरामीको उपचार

विगत १८ वर्षदेखि सञ्चालित यस हस्पिटलमा विशेष छुटका साथ नयाँ तथा पुराना प्यारालाईसिसका बिरामीहरुको सफल उपचार भैरहेको जानकारी गराउँदछौं ।

प्रेसरले हानेर प्यारालाईसिस भएका बिरामीहरूको मात्र उपचार भइरहेको छ ।

लक्षणहरु :
» शरिरको एक हर नचल्ने ।
» मुख बाङ्गो भएको ।
» खाना खान, बोल्न, पिसाब गर्न गाह्रो भएको ।
» हिँड्न नसक्ने, खुट्टा हात लुलो भएको ।

सम्पर्कः
स्पार्क वि एण्ड डि हस्पिटल प्रा.लि.
पोखरा-८ न्यूरोड, सभागृहचोक
फोन नं. ०६१-५७१४०८, ९८५६०२६७५०,९८६६४१५३८०

## के तपाईमा यौनसम्बन्धी समस्या छ

**पुरुषमा देखिने**: शिघ्रपतन, यौन सन्तुष्टी नहुने, यौन चाहना नहुने, लिङ्ग उत्तेजना नहुने, लिङ्ग चिलाउने, सरूवा यौन रोग, स्वप्नदोष, लिङ्गको आकार सानो हुने आदि ।

**महिलाहरूमा देखिने**: स्तन सानो गिलो हुने, सेतो पानी बग्ने, योनी चिलाउने, तल्लो पेट दुख्ने, ढाड दुख्ने, महिनाबारीमा गडवडी, यौन सन्तुष्टिमा कमी हुने आदि ।

**सुन्दरता** : अनुहारका सबै किसिमका दाग, डण्डीफोर कालोपोतो, अनावश्यक कोठी वा फोकाहरु, दुवी, सेता दुवी, साथै अन्य चर्मरोगहरु ।

**मलद्धार सम्वन्धी रोग** : छारसुत्रद्धार पायल्स, फिस्टुला, फिसरको सफल उपचारका साथै मलद्धारमा मासु पलाएको, दिसा बस्दा गाह्रो हुने, मलद्धार दुख्ने, पोल्ने, दिसासँग रगत बग्ने आदि समस्याहरूको सफल उपचार गरिन्छ।

महिला वा पुरूषमा हुने (बाझोपन) निःसन्तानपनको सफल उपचार

**जाँच्ने समयः** प्रत्येक दिन बिहान ९:०० बजेदेखि बेलुकी ५:०० बजेसम्म

सम्पर्क स्थान :
माता मनकामना आर्युर्बेद क्लिनीक प्रा.लि.
नयाँबजार पोखरा (न्यू विवेक आयल स्टोर्सको घरमा)
फोन ०६१- ५८९१९४, ९८४४३११९०४, ९८०६५७५७६५

नोट : नयाँ तथा पुराना बिरामीहरुले यथाशीघ्र सम्पर्क गर्नुहोला।


फेवा प्रकाशन प्रा.लि.द्वारा प्रकाशित पोखरापत्र राष्ट्रिय दैनिकका लागि प्रधान सम्पादक : पुण्य पौडेल, सम्पादकः रतन गुरुङ, कार्यकारी सम्पादक : शोभाकान्त सिग्देल, प्रबन्धसम्पादकः नारायण भण्डारी
कार्यालयः नयाँबजार, पोखरा, फोनः ०६१-५८२५०८, ०६१-५७०६५१, ०६१-५३७८५७ E–mail: pokharapatradaily@gmail.com, pokharapatra@yahoo.com, Website : www.pokharapatra.com.np मुद्रणः हिमालय अफ्सेट प्रेस, नयाँबजार, पोखरा ।

**सुक्तिसुधा**

एक टन सिद्धान्तको तुलनामा एक औंस कामको धेरै मूल्य हुन्छ । – फ्रेडरिक एंगेल्स

## सम्पादकीय

# कोशीमा काङग्रेसको रमिता

कोसी प्रदेशको मुख्यमन्त्रीमा नेकपा (माओवादी केन्द्र) संसदीय दलका नेता इन्द्र आङ्बोलाई अघि सार्ने गठबन्धनको निर्णयमा नेपाली काँग्रेसका नेता शेखर कोइराला पक्षधर सांसदहरूले समर्थन गर्न नसकिने भन्दै विद्रोह गरेका छन । सत्ता गठबन्धनले आङ्बोलाई मुख्यमन्त्री बनाउने निर्णय गरे पनि कोइराला पक्षधर सांसदहरूले समर्थन गर्न नसकिने भनी केदार कार्कीलाई मुख्यमन्त्रीमा अघि सारेका छन ।

कोइराला समूहको विद्रोहले गठबन्धनको निर्णय धरापमा परेको छ। नेता कोइरालाले प्रधानमन्त्री प्रचण्डलाई अराजकताको संज्ञा दिँदै सरकारबाट बाहिरिन बारम्बार आग्रह गर्दै आएका छन् । नेकपा एमालेसँग मिलेर स्थायी सरकार बनाउनुपर्ने नेता कोइरालाले जोड दिँदै आएका छन् । नेता कोइराला पक्षधर प्रदेशसभा सांसदहरूले सरकार गठन गर्न नेकपा (एमाले) का प्रदेशसभा सदस्यहरुको समर्थनमा मुख्यमन्त्री दावी पेश गरेका छन ।

एमालेसँग वार्ता गरेर निर्णायक कदम चालेका कोइराला पक्षधर प्रदेशसभाका ८ जनाले सशरीर प्रदेश प्रमुख समक्ष सनाखत गर्न तयार रहेको सन्देश दिईसकेका छन । एमाले पनि काँग्रेसको संयुक्त सरकारका लागि एमालेले आफूहरू तयार रहेको जनाएको छ । कोसी प्रदेशका मुख्यमन्त्री हिक्मत कार्कीले काँग्रेसले संस्थागत निर्णय गरेर आए आफूहरू सरकार गठनका लागि तयार रहेको बताएका छन् । संविधानको धारा १६८ को उपधारा ५ बमोजिम सरकार गठन गर्न प्रदेश प्रमुख परशुराम खापुङले शुक्रवार बेलुका ५ बजेसम्मको समय दिएका छन् । यो उपधाराअनुसार सरकार गठन गर्न बहुमत पुऱ्याउन सक्ने सांसदले मुख्यमन्त्रीमा दाबी गर्न सक्छन् । दुवै तर्फ ४७ जनाको दावी गरेका छन ।

कोसीबाट प्रदेशले फरक अस्तित्व देखाउने अभ्यास सुरु भएको छ । सत्तारंढ गठबन्धनका नेताहरूले केन्द्रबाटै प्रदेशको सरकार गठन गर्ने निर्णय लिँदै थिए । त्यसविरुद्ध कांग्रेसका आठ सांसदले चुनौती मात्र दिएका छैनन्, नयाँ सरकार आफ्नै नेतृत्वमा गठन गर्ने आधार प्रस्तुत गरेका छन् । कांग्रेसका आठ सांसदको प्रस्तावमा एमालेको सिंगो पार्टीले समर्थन दिएपछि केन्द्रका नेताहरूको निर्णय धरापमा परेको हो ।

सत्तारूढ दलका शीर्ष नेताको बैठकले कोसीमा माओवादी संसदीय दलका नेता इन्द्र आङ्बोलाई मुख्यमन्त्री बनाउने निर्णय गरेका थियो । तर, उनीहरूको निर्णयलाई कांग्रेसका आठ सांसदहरूले चुनौती दिए । कोसीका प्रदेश प्रमुख परशुराम खापुङले संविधानको धारा १६८ (९) अनुसार सरकार गठन गर्न आह्वान गरेका थिए। जसको म्याद शुक्रबार ५ बजेसम्म थियो । बिहीबार नै मुख्यमन्त्रीका लागि कांग्रेस सांसद केदार कार्की र माओवादी संसदीय दलका नेता इन्द्र आङ्बोले छुट्टाछुट्टै दाबी पेस गरेका छन् । कार्कीले कांग्रेसका आठ र एमालेका ३९ सांसदको समर्थनसहित दाबी प्रस्तुत गरेका छन् । अब काङ्ग्रेसमा धाक धम्की र खरिद बिक्रीको खेल हुने र प्रदेशलाई कमजोर बनाउने छ ।


## तपाईको आज

| | | | |
|---|---|---|---|
| मेष | : आर्थिक समस्या | तुला | : झमेला बढ्ने |
| वृष | : मानसिक तनाब | वृश्चिक | : कार्यमा सफलता |
| मिथुन | : शारीरिक झमेला | धनु | : मन चञ्चल |
| कर्कट | : ब्यापारमा लाभ | मकर | : सहयोग मिल्नेछ |
| सिंह | : अप्रत्यसित लाभ | कुम्भ | : सत्कार मिल्नेछ |
| कन्या | : शत्रुको भय | मीन | : सम्मान मिल्नेछ |

**हरिसिद्धि भविश्यवाणी केन्द्र**

पोखरा-१६, जोगिमणीमार्ग, मोबाइलः ९८५६०२०५८६

चिना, टिप, हस्तरेखा,आखत,माटो हेर्नका लागि सम्झनुहोस् ।


# चन्दाबाट कवर्डहल स्तरोन्नति

पोखरापत्र संवाददाता
म्याग्दी, २५ असोज

खेलाडीले चन्दा सङ्कलन गरेर म्याग्दीको बेनी नगरपालिका-८ मा रहेको कालीपुल कवर्डहलको स्तरोन्नति गरेका छन् ।

ब्याडमिन्टन खेलाडीले कवर्डहलभित्र 'म्याट' राखेर स्तरोन्नति गरेका हुन् । जिल्ला खेलकुद विकास समिति, ब्याडमिन्टन सङ्घ म्याग्दी र बेनी नगरपालिका ब्याडमिन्टन सङ्घको संयोजनमा दुई ब्याडमिन्टन कोर्ट (मैदान) मा 'लेलिन ब्राण्डको म्याट' बिछ्याइएको हो । बेनी नगरपालिका ब्याडमिन्टन सङ्घका अध्यक्ष सज्जन शाक्यले रु नौ लाख खर्चेर म्याट बिछ्याएको बताउनुभयो । "म्याट बिछ्याएर ब्याडमिन्टन कोर्टको स्तरोन्नति गरिएको हो", उहाँले भन्नुभयो, "खेलाडीबाट चन्दा सङ्कलन गरेर म्याट खरिद गरेका हौं ।" ब्याडमिन्टन खेलाडीले प्रतिव्यक्ति रु एक हजारदेखि पच्चिस हजारसम्म सहयोग गरेका छन् । रु पाँच हजारभन्दा बढी सहयोग गर्नेहरूको नामावली शिलालेखमा राखिने सङ्घले जनाएको छ । बेनीको कवर्डहलको ब्याटमिन्टन कोर्टमा यसअघि काठ बिछ्याएर पार्केटिङ गरिएको थियो ।

काठको पार्केटिङ भएको कोर्टमा खेल्दा चिप्लने, लडेर हात खुट्टा भाँचिने र चोटपटक लागेर खेलाडी घाइते हुने गरेका थिए । जिल्ला बाहिरको म्याट बिछ्याएको कोर्टमा हुने प्रतिस्पर्धामा खेलाडीलाई खेल्न बानि नपर्दा समस्या भएको थियो । जिल्ला खेलकुद विकास समिति म्याग्दीका अध्यक्ष दिनेश केसीले ब्याडमिन्टन खेलको सम्भावना देखिएकाले यसको विकासका लागि कवर्डहलको स्तरोन्नति गरिएको बताउनुभयो । "म्याट बिछ्याउन खेलाडीले चन्दाबाट उठाएको पैसा नपुगे खेलकुद विकास समिति र बेनी नगरपालिकामार्फत ब्यावस्थापन गर्छौं", उहाँले भन्नुभयो, "खेलाडीले सुरक्षित रुपमा खेल्न पाउनुका साथै दुर्घटना घट्ने र खेलमा थप सुधार भएर पदक जित्न सहयोग पुग्ने अपेक्षा गरेका छौं ।" म्याग्दीमा पछिल्लो समय ब्याडमिन्टन खेलप्रति आकर्षण बढेको छ । बेनीको कवर्डहलको अलावा विभिन्न सरकारी कार्यालय र विद्यालयमा पनि ब्याटमिन्टन कोर्ट बनाएर खेल्ने गरेका छन् । खुला ठाउँको कोर्टमा पानी पर्दा र गर्मी हुँदा खेल्न मिल्दैन । शारीरिक व्यायमका लागि ब्याडमिन्टन खेल प्रभावकारी भएको खेलाडी लोकेश पुन मगरले बताउनुभयो । कर्मचारी, व्यवसायी, शिक्षक, बैंक, सहकारीकर्मी शारिरिक व्यायमका लागि बिहान, बेलुकीको समयमा ब्याडमिन्टन खेल्ने गर्छन् । बेनीका अलावा तातोपानी, बाबियाचौर, ताकम, मुना, मराङलगायत ग्रामीण क्षेत्रमा पनि ब्याडमिन्टन खेलप्रति आकर्षण बढेको जिल्ला ब्याडमिन्टन सङ्घका अध्यक्ष हिमालय कार्कीले बताउनुभयो ।

# व्यावसायिक तालिमले विपन्न महिलालाई बनायो आत्मनिर्भर

रासस
गोरखा, २५ असोज

गोरखाको गण्डकी गाउँपालिका-२ फुलडाँडाकी सुमनासिर्मलकोदैनिकीआजभोली धेरैजसो कुखुराको स्याहारसुसार र दानापानीमा बित्छ । कक्षा ५ सम्ममात्र पढ्नुभएकी उहाँले घरसँगै जोडिएको सानो टहरामा बनाउनुभएको कुखुरा फार्ममा बोइलर जातको कुखुरा पाल्न थालेपछि दैनिकी फेरिएको हो ।

थोरै जग्गा जमिन र त्यसबाट हुने उब्जनीले तीनजनाको परिवार पुग्न धौधौ हुने भएपछि सिर्मलकी श्रीमान् वैदेशिक रोजगारीमा जानुभयो । घरमा आफू पनि केही न केही आर्थिक आयआर्जनमा जोडिनुपर्छ भन्ने ठानेर व्यावसायिक कुखुरापालन तालिम लिएर उहाँले सानो खोर बनाएर कुखुरापालन सुरु गर्नुभयो । अहिले त्यहीँ तालिमले उहाँलाई स्वरोजगार बनाएको छ । "तालिम लिएपछि थोरै भए पनि आम्दानी हुन्छ भनेर सुरुसुरुमा खोरमा १०/१५ वटामात्र बोइलर कुखुराको चल्ला हालेर व्यवसाय सुरु गरैं", उहाँले भन्नुभयो, "यसबाट मासिक रु दुईचार हजार आम्दानी हुन थालेपछि अहिले घरमै बसेर पनि आम्दानी गर्न सकिँदोरहेछ भन्ने लागेर व्यावसायिक रुपमा कुखुरापालन गरिरहेको छ, यसले राम्रो आम्दानी दिएको छ ।"

व्यावसायिक रुपमा कुखुरापालन तालिम लिएर कुखुरा पाल्न थालेपछि घरमै बसेर पनि वार्षिकरुपमा करिब रु एक लाख ८० हजारसम्म आम्दानी गर्ने गरेको सिर्मलले बताउनुभयो । "अहिले ७० वटा जति कुखुरा हालेको छु", उहाँले भन्नुभयो, "पैतालिस दिन जतिमा बेच्न हुन्छ त्यसले दैनिक घरखर्च चलाउन मलाई श्रीमानूले विदेशबाट पैसा पठाउनु परेको छैन ।" विपन्न तथा सीमान्तकृत महिलाका आयआर्जन वृद्धिका लागि गण्डकी गाउँपालकाको समन्वय, युएसएआइडीको आर्थिक सहायोग र नेपाल महिला दलित उत्थान सङ्घ (एडवान) को आयोजनामा सञ्चालित तालिम लिएपछि व्यावसायिक कुखुरापालन गरेर आफैँले कमाएर घरखर्च चलाउन सक्नुपर्छ भन्ने लागेर कुखुरा पालन सुरु गरेको उहाँको भनाइ छ । "तालिम लिएपछि सानो भए पनि केही न केही आर्थिक आयआर्जन हुने व्यवसाय गनुपर्दो रहेछ भन्ने लाग्यो, सिर्मलले भन्नुभयो, "सानोबाट सुरु गरेर विस्तारै बढाउँदै लैजान सकिन्छ भनेर १५/२० वटाबाट सुरु गरेर अहिले ७० वटासम्म पाल्ने गरेको छु ।" व्यवसाय सुरु गरेसँगै दैनिकरुपमा घरखर्च टार्न पैसाको अभाव नभएको सिर्मलको भनाइ छ । "कुखुरा नपाल्दा पैसाको अभाव हुन्थ्यो, कुखुरा पालेदेखि आफूलाई खर्च गर्ने अनि बच्चा पढाउन धेरै सजिलो भएको छ", उहाँले भन्नुभयो, "एकदुई वटा बिचबिचमा बिक्री भइरहने हुँदा समस्या छैन ।" सुरु सुरुमा डोकोमा बोकेर होटल, पसल र गाउँगाउँमा कुखुरा बेच्नु परेको दुःख सुनाउने उहाँले अहिले भने बिक्रीका लागि कठिनाइ नभएको बताउनुभयो । "अहिले त नम्बर राख्छु, होटलले समेत सर्म्पक गरेर लैजान्छ", सिर्मलले भन्नुभयो । व्यवसाय सुरु गरेपछि विदेशमा श्रीमानूले कमाएका पैसा घर खर्चका लागि खर्च गर्नु नपरेको सिर्मलले बताउनुभयो । सानै उमेरमा बिहे गर्नुभएकी उहाँले अरुको मेलापात गरेर जीविकोपार्जन गर्दै आउनुभएको भए पनि अहिले भने कुखुरा पालनबाट सन्तुष्ट हुनुहुन्छ । कुखुराको चल्ला राख्दा खोर सफा गर्ने, औषधि खुवाउने, दाना खुवाउनेलगायतका कुरा तालिममा सिकेको उहाँको भनाइ छ । नपढेको भए पनि सानोसानो व्यवसाय गरेर आफ्नो आर्थिक कमजोरीलाई उकास्न सक्ने भन्दै उहाँले गर्न चाहे घरमै बसेर पनि थोरै थोरै आम्दानी गर्न समस्या नहुने बताउनुभयो । अर्काको काम गर्दा भन्ने बित्तिकै ज्याला पाउन पनि सजिलो छैन, सिर्मलले भन्नुभयो, "विदेशमा दुःख गरिरहनुभएको श्रीमानूले पनि भन्ने बित्तिकै पठाइदिनु भन्न पनि मिल्दैन, श्रीमानूलाई पिर्ने कुरा पनि भएन त्यस कारणले पैसाको अभाव हुन्थ्यो, अहिले कुखुरा पाल्न थालेपछि यसैबाट आउँछ सजिलो भएको छ ।"

जङ्गलको छेउमा गुन्द्रीको ढोका हालेर जीवन गुजार्दै आउनुभएकी सिर्मलको अहिले गाउँमा चिटिक्क परेर बलियो घर छ । "आर्थिक अवस्था कमजोर भएकाले दुःख पनि सिकायो", उहाँले भन्नुभयो, "नपढे पनि अहिले आफ्नो खुट्टामा आफैं उभिनसक्ने भएको छु आफैंलाई खुसी लाग्छ ।" पहिला पहिला बिहान बेलुकी छाक टार्न नै गाह्रो हुने सुमनाको परिवारमा अहिले रु दुईचार हजारका लागि कसैको धाउनु नपरेको छैन ।


## एउटै व्यक्ति भएको सूचना



स्याङ्जा जिल्ला हरिनास गाउँपालिका वडा नं. ७ निवासी भारतीय भू.पू. सैनिक नं. ५४४४८४७ का नायक टि.एस. ५/५ जी. आर. का लोक बहादुर आलेको श्रीमती विष्णु माया आलेको नेपाली नागरिकताको प्रमाणपत्रमा नामथर विष्णु माया आले जन्म मिति २०१५/०७/२० उल्लेख भएको र निजको पतिको भारतीय पेन्सन अभिलेखमा नामथर विष्णुदेवी जन्म मिति १९६० उल्लेख भई फरक फरक अभिलेखमा फरक फरक नामथर तथा जन्म मिति भएतापनि व्यक्ति एउटै भएको व्यहोरा सम्बन्धित निकायमा सिफारिस गरिदिनुहुन भनी उक्त गाउँपालिका ७ नं. वडा कार्यालयको च.नं. ७१९ मिति २०८०/०३/०६ को पत्रबाट सिफारिस साथ लेखि आएकोले सोही व्यहोरा प्रमाणित गरिन्छ ।

**जिल्ला प्रशासन कार्यालय, स्याङ्जा**


# अख्तियारमा तनहुँबाट धेरै उजुरी

पोखरापत्र संवाददाता
दमौली, २५ असोज

गण्डकी प्रदेशस्थित अख्तियार दुरुपयोग अनुसन्धान आयोगमा तनहुँबाट धेरै उजुरी परेका छन् । । प्रदेशका ११ जिल्लामध्ये एक वर्षको अवधिमा कास्की पहिलो र तनहुँ दोस्रो धेरै उजुरी पर्ने जिल्लाका रुपमा रहेका आयोगको कार्यालयले जनाएको छ ।

तनहुँमा आर्थिक वर्ष २०७९/८० मा एक सय ९४ उजुरी परेका छन् । गत आवमा आव २०७८/७९ बाट जिम्मेवारी सरी आएका थप ६५ उजुरी थपिएका थिए । कूल दुई सय ५९ मध्ये उक्त अवधिमा एक सय ८८ उजुरी फछ्र्योट भएका आयोगका प्रवक्ता भोला दाहालले जानकारी दिनुभयो । उहाँका अनुसार प्रदेशमा धेरै उजुरी पर्नेमा कास्की पहिलो र तनहुँ दोस्रो स्थानमा छन् । कास्कीबाट एक वर्षको अवधिमा पाँच सय ८६ उजुरी परेको थियो । अघिल्लो वर्षको सरी आएका एक सय ७४ सहित सात सय ६० उजुरी रहेकामा पाँच सय ३७ उजुरी फछ्र्योट भएका आयोग कार्यालयले जनाएको छ । प्रवक्ता दाहालका अनुसार गोरखामा एक सय ४० मध्ये एक सय छ, मनाङमा २४ मध्ये १८, मुस्ताङमा २५ मध्ये १६, म्याग्दीमा ९४ मध्ये ७१, लमजुङमा ६९ मध्ये ५२, नवलपुरमा एक सय ४४ मध्ये ९३, पर्वतमा एक सय ८३ मध्ये एक सय २५ र बागलुङमा एक सय ५७ उजुरी रहेकामा एक सय १९ फछ्र्योट भएका छन् । आयोगमा प्रदेशका जिल्लाबाट घिल्लो वर्षकोसहित गत वर्ष कूल दुई हजार १८ उजुरी दर्ता भएकामा एक हजार चार सय ३७ फछ्र्योट भएका आयोगले जानकारी दिएको छ । आयोगमा अधिकांश उजुरी स्थानीय तहका पर्ने गरेका छन् । स्थानीय तहले नदीजन्य वस्तुको निकासी तथा जथाभावी दोहन, दोहोरो/तेहोरो भुक्तानी र बिना काम भुक्तानी, घर नक्शा तथा बाटो, अन्य सिफारिसमा अनियमितता, करारमा कर्मचारी नियुक्ति गर्दा अनियमितता, जथाभावी भत्ता सुविधा लिने, नक्कली बिल भरपाई बनाइ भुक्तानी दिने, ठेकेदार र प्राविधिकसँग अवाञ्छित गतिविधिलगायत विषयमा उजुरी पर्ने गरेका प्रवक्ता दाहालले बताउनुभयो । उहाँका अनुसार आयोगमा तनहुँका दशवटै पालिकाका उजुरी परेका छन् । अख्तियारमा मापदण्ड बिना कार्यक्रम सञ्चालन, गुणस्तरीय काम नभएकोलगायत विषयमा धेरै उजुरी परेका दाहालले जानकारी दिनुभयो । स्वीकृत कार्यक्रमको लागत अनुमान, कार्यविधि, मापदण्ड नबनाइ कानुनी आधारबिना कार्यक्रम सञ्चालन, ठेक्कामा गएका पूर्वाधार आयोजनाको समय र लागतमा वृद्धि, कानुन बमोजिम गठित विभिन्न अनुगमन तथा समितिको काम कारबाही र अनुगमन फितलो देखिएको, अनुगमनकर्ता अनुगमनका सूचक र विधिबारे जानकार नभइ अनुगमन गर्ने गरेको, अनुगमनबाट प्राप्त निष्कर्ष योजना निर्माणमा समायोजन नगरिएको, कतिपय आयोजना छनोट कार्यको आवश्यकता र औचित्य पुष्टि हुन नसकेको, दोहोरो कर लिने गरेको, सरकारी, सार्वजनिक जग्गा अतिक्रमण बढेको, सरकारी उपयोगिता न्यून देखिएको, जमिनको संरक्षण गर्दै अतिक्रमण हटाउने कार्य निष्प्रभावी रहेको, रुग्ण आयोजना कार्यान्वयनमा सम्बन्धित निकायले चासो नदेखाएकोलगायत विषयमा बढी उजुरी पर्ने गरेको आयोग कार्यालयले जनाएको छ ।

# विश्वकप फुटबल छनोट : लाओसको अग्रता

रासस
काठमाडौं, २५ असोज

विश्वकप फुटबल छनोटअन्तर्गत अहिले नेपाल र लाओसबीच खेल भइरहेको छ । मध्यान्तर अघिको खेलमा लाओसले १-० गोलको अग्रता लिएको छ ।

त्रिपुरेश्वरस्थित दशरथ रङ्गशालामा भइरहेको खेलको पहिलो हाफमा लाओसले घरेलु टोलीविरुद्ध अग्रता लिन सफल भएको हो । खेलको ३३औं मिनेटमा लाओसका कप्तान बाउलपछान बोयनकोङले गोल गरेका हुन् ।


गण्डकी प्रदेश सरकार
उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय
**पर्यटन, उद्योग वाणिज्य तथा उपभोक्ता हित संरक्षण निर्देशनालय**
**पर्यटन तथा उद्योग कार्यालय, कास्की**

## फर्म बन्द सम्बन्धी ३५ दिने सार्वजनिक सूचना

प्रथम पटक प्रकाशित सूचना २०८०/०६/२४

यस कार्यालयबाट मिति २०७३/०८/०३ मा कास्की जिल्ला पोखरा ३१ कास्कीमा संचालन गर्ने गरि पोखरा ३१ कास्की निवासी राजिव सुवेदीको नाउँमा दर्ता भएको फर्म दर्ता नं. १२०९१/०७३/०७४ (३४२) को रिज इन्जिनियरिङ कन्सल्टेन्सी नामक फर्मको प्रोप्राईटरले फर्म सञ्चालन गर्न नसक्ने भएकाले मिति २०८०/०६/२४ मा फर्म बन्द गरीपाउँ भनी आवश्यक कागजात सहित रितपूर्वक निवेदन दिनुभएको हुँदा यो ३५ दिने फर्म बन्द सम्बन्धी सार्वजनिक सूचना प्रकाशित गरिएको छ । यदि सो फर्ममा अरु कसैको हकदावी एवं कुनै पनि प्रकारको सामाजिक दायित्वहरु तथा लेनदेन भएमा सवुत प्रमाण सहित यो सूचना प्रकाशन भएको मितिले ३५ दिनभित्र यस कार्यालयमा लिखित उजुरी दिनुहुन अनुरोध गरिन्छ । म्यादभित्र लिखित उजुरी नपरेमा उक्त उद्योग नियमानुसार खारेज भई जाने हुँदा सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशन गरिएको छ ।

**पर्यटन तथा उद्योग कार्यालय**
**कास्की**

